अन्तराष्ट्रिय युवा दिवस २०१५ को अवसरमा

# पुर्नःनिर्माणमा आदिवासी जनजाति महिला युवाहरुको सहभागीता

विषयक

अभिमूखीकरण अन्तरक्रियात्मक कार्यक्रमको

प्रतिवेदन

२०७२

**प्रतिवेदन पेश गरिएको संस्था**

युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं

**पेश गर्ने संस्था**

आदिवासी जनजाति महिला युवा संजाल

ईमेलः inwyn.nepal@gmail.com

# विषयसूची


| क्र.सं. | विषय | पेज नं: |
| --- | --- | --- |
| १. | परिचय तथा पृष्ठभूमी | १ |
| २. | कार्यक्रमको उद्देश्य तथा संचालन विधि | २ |
| ३. | कार्यपत्र प्रस्तुत | ३ |
| ४. | प्रमुख अतिथि वक्तव्य | ४ |
| ५. | अतिथि वक्तव्य | ५ |
| ६. | उपलब्धिहरु | ६ |
| ७. | कार्यक्रम समापन तथा आएका सुझावहरु | ७ |
| ८. | कार्यक्रमको फोटोहरु तथा उपस्थिति | ८ |

**अन्तर्राष्ट्रिय युवा दिवस २०१५ को अवसरमा**

# “पुर्नःनिर्माणमा आदिवासी जनजाति महिला युवाहरुको सहभागीता”

**विषयक अभिमूखीकरण अन्तरक्रियात्मक कार्यक्रम**

कार्यक्रम प्रतिवेदन

२०७२

## संस्थागत परिचय

विविधता भित्र एकता रहेको नेपाल राष्ट्रमा, बहुभौगोलिक, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुराष्ट्रिय र बहुसाँस्कृतिक विविधता भएको समुदायहरु रहेका छन् । ती समुदाय भित्र ४०% स्थान ओगट्ने देशको लागि सृजनशिल समूह भनिने युवा समुहहरु रहेका छन् । यसको आधा भन्दा बढी महिला युवाहरु छन् । ती महिला युवाहरु रोजगारको शिलशिलामा देश र देश बाहिर समेत छरिएर रहेकाले ती सम्पूर्ण महिला युवाहरुलाई औद्योगिक रुपमा सशक्तिकरण, नेतृत्व, शैक्षिक, साँस्कृतिक, सामाजिक जनचेतना जगाई उनीहरुमा सिप तथा क्षमता र नेतृत्वको विकास गरी आत्मनिर्भर तथा दक्ष बनाई सम्पूर्ण महिलाहरुको सर्वाङ्गीण विकास र संगठित गर्नको लागी संस्थागत रुपमा आफैले तथा विभिन्न सरोकारवा संस्थाहरुसँग सहकार्य गर्दै विभिन्न क्रियाकलापहरु संचालन गर्दै आइरहेको छ । आदिवासी जनजाति महिलाहरुको अधिकारहरु स्थापित गर्न गराउन संगठित रुपले क्रियाशिल गर्दै राज्यको हरेक निकायमा अपरिहार्य एवं सार्थक सहभागिताको लागि विद्यमान राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक विभेदहरुको समूल अन्त्य गरी सम्पूर्ण जात जाति, वर्ण तथा लिङ्गहरुको अस्तित्व, सद्भाव, भातृत्व र विश्वास कायम राख्न आवश्यक समन्वयकारी भूमिका खेल्दै संस्थाले सरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्य गर्दै आइरहेको छ । यसै अनुरुप आदिवासी जनजाति महिला युवा संजालले आदिवासी महिलाहरुको क्षमता, शिप, नेतृत्व विकास गर्दै अन्य महिला युवाहरुसँग सहकार्य गर्दै राज्यमा आफ्नो अधिकार स्थापना गर्न यस संजालको स्थापना भई कार्यहरु गरिरहेको छ । यसैक्रममा अन्तराष्ट्रिय युवा दिवसको अवसरमा संजालले नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय र रेष्टलेसको आर्थिक सहकार्यमा “पुर्नःनिर्माणमा युवाहरुको सहभागीता” विषयक अभिमूखीकरण अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरि कार्यक्रमको प्रतिवेदन तयार गरिएको छ ।




प्रमुख अतिथिः विमलेन्द्र नीति, मन्त्रि, भौती पूर्वाधार तथा यातयायात, कार्यक्रमको उद्घाटन गर्नुहुँदै

## कार्यक्रमको पृष्ठभूमी

युवा आफैमा उत्साह, सिर्जना र परिबर्तन हो । आजको विश्व समाजमा युवा अथवा Youth भन्ने बित्तिकै जोस, जाँगर उत्साह, सिर्जना आदि भन्ने बुझिन्छ । आजको एकाईसौं शताब्दीको परिबर्तन हिजोको युवाहरुको योग्दानको आधार हो । विकसित राष्ट्रहरुका आजका युवाहरुले भोलीको बाईसौं शताब्दीलाई कहाँ पुर्‍याउनु पर्ने हो भन्ने बारेमा नयाँ नयाँ सिर्जनामा लागिरहेका छन् । जुन रुपमा विश्व अगाध रुपमा अगाडी बढिरहेको छ, तर नेपाली युवाहरु भने विश्व विद्यालयको प्रमाणपत्रलाई थाँती राखेर खाडी मुलुकमा जान बाध्य छन् । युवा आफैमा हतियार त हो तर सो हतियारलाई चलाउने प्रक्रिया, प्रणालीको विकास पनि हुन आवश्यक छ । यदी

युवाहरुलाई सहि सदुपयोग गरेमा सकारात्मक र असंव्यभावी परिबर्तन पनि संभव छ । तर त्यही युवाहरुलाई सही परिचालन गर्न नसके युवाको कुनै अर्थ रहन्न ।

नेपालको बर्तमान अवस्थामा महाभूकम्पले देश तहस नहस भएको अवस्था छ । यस्तो ध्वस्त भएको अवस्थामा राज्यले नेपाली युवाहरुको सही सदुपयोग गर्न सकिरहेको अवस्था छैन । केही गाउँहरुमा गाँसको राहत पुग्न सके पनि धेरै ठाउँहरुमा गाँसको समस्या छ । अझ भूगोल नै पैरो गएको स्थानहरुमा कसरी बस्ने, कहाँ बस्ने कुनै योजना छैन । साथै युवाहरु विदेश रहेको अवस्थामा, यस्तो विपतको अवस्थामा नेपालमा रहेका युवाहरुको कुनै प्रयोग हुन सकिरहेका अवस्था छैन । यसकारण  युवाहरुलाई सही रुपमा सदुपयोग गर्न आजको तार्किक आवश्यकता रहेको हुनाले यस कार्यक्रमको आवश्यकता महशुष गरी आयोजना गरिएको हो ।

**कार्यक्रमको उद्देश्य**

अन्तर्राष्ट्रिय युवा दिवस २०१५ को अवसरमा बर्तमान नेपालको अवस्था र नेपाललाई व्यावस्थापन गर्न आजको युवाहरुको भूमिका अपरिहार्य रहेको हुनाले पुर्नःनिर्माणमा युवाहरुको भूमिका छलफलबाट राज्यलाई व्यवस्थापन गर्न निकर्ष निकाल्ने यो कार्यक्रमको उद्देश्य रहेको थियो ।



कार्यक्रमको उद्देश्य प्रष्ट्याउँदै उपाध्यक्ष मनवेदी श्रेष्ठ

**कार्यक्रम संचालन विधि**

आदिवासी जनजाति महिला युवा संजालको महासचिव श्री रेनुका काउचामगरले संचालन गरेको कार्यक्रममा संजालको अध्यक्ष श्री रिसा श्रेष्ठको अध्यक्षतामा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान जावलाखेलको हलमा कार्यक्रम औपचारिक रुपमा संम्पन्न गरिएको थियो । ***कार्यक्रममा प्रमुख अतिथितिको रुपमा नेपाल सरकार भौतीक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रि विमलेन्द्र नीधि, संविधान सभा ज्ञान कुमारी छन्त्याल, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयका उपसचिव श्री ज्ञानराज सुवेदी*** तथा अन्य विभिन्न संस्थागत प्रतिनीधिहरु राष्ट्रिय आदिवासी जनजाति महिला महासंघका प्रतिनीधि, किम्जो लोमी, नेपाल आदिवासी जनजाति विद्यार्थी महासंघका अध्यक्ष डोजाङ शेर्पा, नेपाल मगर विद्यार्थी संघको अध्यक्ष दिपा आले लगायत विभिन्न संघ संस्थाका प्रतिनीधिहरु रहेका थिए । कार्यक्रमको स्वागत तथा उद्देश्यको बारेमा संजालको उपाध्यक्ष मनदेवी श्रेष्ठले गर्नु भएको थियो । उद्देश्य पश्चात कार्यक्रममा कार्यपत्र प्रस्तोताको रुपमा युवा अधिकारकर्मी केपी रानाले गर्नु भएको थियो । कार्यपत्रलाई आधार मानेर अतिथि वक्ता तथा सहभागीहरुले विषय वस्तुमा छलफल तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । कार्यपत्रलाई आधार मानेर अतिथिज्यूहरुले आफ्नो राय तथा सुझावहरु प्रकट गरेका थिए । यसैक्रममा प्रमुख अतिथि मन्त्रिज्यूले नेपाल सरकारले हालसम्म गरिएको भूकम्प व्यवस्थापन बारेमा जानकारी गराएका थिए । साथै अबको पुर्नःनिर्माणमा सबै युवाहरुको सहकार्य आवश्यक रहेको हुनाले सहकार्य गर्दै व्यवस्थापनमा अघि बढ्नुपर्ने स्पष्ट पार्नु भएको थियो ।

अन्तमा कार्यक्रमको अध्यक्ष रिसा श्रेष्ठले सबैलाई धन्यवाद ज्ञापनका साथ आगामी दिनहरुमा सहकार्य गरेर जाने अठोट गर्दै कार्यक्रम समापन भएको थियो ।

**कार्यक्रम प्रस्तोता केपि रानाः युवा अधिकारकर्मी**

गत वैशाख १२ गते ७.८ रेक्टरको महाभूकम्प गए पश्चात नेपालको विभिन्न १४ वटा जिल्लाहरुमा विध्वंश भएको छ । जसको केन्द्रविन्दु गोरखा जिल्लाको वारपाक रहेको थियो । त्यसैगरी वैशाख २९ गते अर्को ठुलो भूकम्प गएको थियो । जसको केन्द्रविन्दु दोलखा जिल्लामा रहेको थियो । यसरी दुई ठुला भूकम्प गए पश्चात पराकम्पननहरु धेरै गएका छन् । जसमा ४ रेक्टर भन्दा माथिको पराकम्पनहरु ४०० भन्दा बढी र त्यो भन्दा साना पराकम्पनहरु हजारौं पटक गइसकेको अवस्था छ । जसमा महाभुकम्पले ८,८९८ जना मरे भने २२,३०९ जना प्रत्यक्ष रुपमा घाइते भएका छन् । पुर्ण रुपमा घरहरु ६०३,३५७ भत्किएका छन् भने २८५,०९९ घरहरु जिर्ण अवस्थामा रहेको छ । यसरी प्रत्यक्ष रुपमा प्रभाव पारेको जिल्लाहरु मध्ये गोरखा, काठमाडौं, भक्तपुर, ललितपुर, सिन्धुपाल्चोक, मकवानपुर, सिन्धुली, रसुवा, धादिङ, काभ्रे, दोलखा, चित्तवन, नुवाकोट, रामेछाप, सोलुखुम्बु र वखलढुंगा रहेका छन् । यसरी समग्रमा हेर्दा भूकम्पले कुनै पनी समुदायहरुलाई विभेद रहित हिसाबले अन्यायमा पार्ने गरेता पनि पिडितहरुको तथ्यांकलाई हेर्दा ७० प्रतिशत आदिवासी जनजातिहरु नै परेका छन् । बाँकी ३० प्रतिशत अन्य समुदायहरु रहेका छन् । त्यसरी मृत्यु भएका जनसंख्या मध्ये पनि ३५ प्रतिशत आदिवासी जनजाति महिलाहरु मरेको तथ्यांकले देखाउँदछ । यसको साथै विशेष गरी बढी क्षति पुर्‍याएको जिल्लाहरु काठमाडौं, ललितपुर र भक्तपुरमा नेवार, गोरखामा गुरुङ, सिन्धुपालचोक र दोलखामा तामाङ आदिवासी जनजातिहरु पिडित अवस्थामा रहेको छ । ती जातिहरुको बाहुल्यरहेको जिल्लाहरु भएको हुनाले पनि उनीहरुको बढी क्षति भएको छ । हालको अवस्थामा गैरसरकारी निकायहरु मार्फत केही राहतहरु पुर्‍याएका छन् । तर पनि ग्रामिण भेगहरुमा अझैपनि राहतहरु पुग्न सकेको छैन । पहुँचवालाहरुले मात्र राहत पाएका छन् साथै राजनीतिकरण भएको छ । यसकारण सम्बन्धित लक्षित समुदायहरुमा राहत नपाउनु वा यस बारेमा राज्यले ध्यान नदिनु दुःखको कुरा हो । यसकारण जे जस्तो अवस्था भएता पनि आम पिडित समुदायहरुले हालसम्म समस्यामा आफ्नो दैनिक गुजारा चलाउन बाध्यछन् । यसकारण अबको समय भनेको पुर्नःनिर्माण भएको हुनाले हामी आफ्नो क्षमताले भ्याएसम्म आफ्नो क्षेत्रमा पुर्नःनिर्माण लाग्न आवश्यक छ । तर यसको लागी विशेषत आर्थिक आवश्यकता भएको हुनाले यस बारेमा राज्यले पुर्नःनिर्माण प्याकेज व्यवस्थापन गरी हरेक युवाहरुलाई परिचालन गर्न आवश्यक छ । साथै हरेक हिसाबमा महिलाहरुलाई प्रत्यक्ष रुपमा पनि असर परिरहेको हुनाले यस संकटकालीन अवस्थामा पनि महिलाहरु नै पिडित छन् । यसकारण आदिवासी जनजाति महिला युवाहरु पनि यो संकटकालीन अवस्थामा मारमा परेका



कार्यपत्र प्रस्तुत गर्दै केपी राना

छन् । यसकारण आदिवासी जनजाति महिलाहरुले आफ्नो समाजमा, क्षेत्रमा तथा जिल्लाहरुमा जबसम्म आफ्नो दायितव वहन गर्दैन्न तबसम्म उनीहरुको समस्या पनि हल हुने संभावना छैन । यसकारण सरकारी निकायहरु र स्थानिय सरोकारवाला संस्थाहरुबीच सहकार्य गरेर युवाहरुलाई सही रुपमा राज्यले परिचालन गर्ने नीति अवलम्बन गरेर पुर्नःस्थापना गर्न सकिन्छ । तर अझैपनि वास्तविक तथ्यांकहरु आउन बाँकीरहेको हुनाले वास्तविक तथ्याँक संकलन गरी सही स्थानहरुमा पुर्नःस्थापना गर्न आवश्यक छ ।

**प्रमुख अतिथिः विमलेन्द्र नीधिः भौतीक पूर्वाधार तथा यायात मन्त्रीः**

अहिलेको संकटकालिन अवस्थामा नेपालीहरु संयम भएर संविधान निर्माणको सँगै पुर्नःनिर्माण लाग्नु आवश्यक छ । जबसम्म हामी सबै सरकार, राजनीतिक दल र सामाजिक संस्थाहरु सहकार्य नगरी केही पनि संभव छैन । सबै पक्षले आ-आफ्नो स्थानबाट संयम भएर सहकार्य गर्न आवश्यक छ । खासगरी भौतीक पूर्वाधार तथा यातायात मन्त्रालय पुर्णःनिर्माणसँग सम्बन्धित भएता पनि हाल यस मन्त्रालयले पुर्नःनिर्माणको कार्यहरु गर्न सकिरहेको छैन । खासगरी पुर्नःनिर्माणको कार्यहरु शहरी विकास मन्त्रालयले गरिरहेको जानकारी गराए । तर पनि यस मन्त्रालयको पनि उत्तिकै भूमिक रहेको हुनाले आगामी दिनहरुमा मन्त्रालयले ल्याएको कार्ययोजनाहरुमा




प्रमुख अतिथिः विमलेन्द्र नीति, मन्त्रि, भौतीी पूर्वाधार तथा यातयायात

आदिवासी जनजातिहरुलाई समेटेर लाने प्रविद्धता जाहेर गर्नु भयो । यसको साथै अव बन्न लागेको प्राधिकरण संस्थाको संरचनाहरुमा तथा राष्ट्रिय योजनाको कार्य योजनाहरुमा आदिवासी जनजाति युवाहरुलाई समेट्नको लागी सक्दो प्रायस गर्ने अभिव्यक्त गर्नु भयो । साथै अव नेपाल सरकारले ल्याउन लागेको प्राधिकरणको कार्य योजना अनुसार स्थानिय आदिवासी जनजाति महिला युवाहरुले पनि आफ्नो सहभागीता गर्न आवश्यक छ । किनकी लक्षित समुदायहरुमा आदिवासी जनजाति समुदायहरु रहेको र त्यहाँको वास्तविक समस्याहरु उनीहरुलाई मात्र थाहा हुने भएको हुनाले उनीहरुको सहभागीता नभई कार्यक्रम सफल नहुने हुनाले प्रत्यक्ष रुपमा सहभागीता गराइने जानकारी गराउनु भएको थियो ।

**अतिथिः ज्ञान कुमारी छन्त्यालः सभासद, संविधान सभा**

आजको बर्तमान अवस्था संविधान निर्माणको अवस्था रहेकोले यसलाई सबै समुदायहरुले आफ्नो अधिकार सुश्चित गर्न लागीपर्नु पर्ने समय भएता पनि महाभूकम्पको कारण सबै समुदायहरु विचल्ली अवस्थामा रहेको छ । यसकारण आफ्नो प्राथमिक समस्याको कारण उनीहरु संविधान जस्तो महत्वपुर्ण विषयलाई पनि टाढा राख्नुपर्ने बाध्यता छ । खासगरी राज्यले दोस्रो दर्जाको रुपमा व्यवहार गर्दै आएको आदिवासी जनजातिहरुलाई प्राकृतिक विवत्तिले पनि उनीहरुलाई नै सखाप पारेको अवस्था छ । साथै हाल अहिले पिडितहरु के गर्ने कसरी

व्यवस्थापन गर्ने भन्ने बारेमा सोच्न पनि सक्ने अवस्था छैन । किनकी आफ्नो परिवार, सन्तान, घर तथा खेत, बारी नै गुमाउनुको पिडा केही गरेर पनि मलम लगाउने ठाउँ छैन । तर जे हुनु थियो भैईनै सक्यो । जतिसुकै पिडा परेता पनि अब सहेर त्यसलाई बिर्सन्दै पुर्नःनिर्माण गर्नुको विकल्प छैन । यसकारण सकेसम्म युवा महिलाहरुलाई समेटेर पुर्नःनिर्माणमा जुट्नु आवश्यक छ । हरेक समयमा महिलाहरुनै पिडित हुनु परिरहेको अवस्था छ । राज्यको हरेक निकायहरुमा पनि महिलाहरुको उपस्थिति कम छ । तर पिडा सहनुपर्ने स्थानमा भने महिलाहरु नै छन् । यसकारण अवको पुर्नःनिर्माणमा आदिवासी जनजाति महिला युवाहरुको पनि प्रत्यक्ष सहभागीता हुन आवश्यक छ । यसको लागी सम्बन्धित निकायहरुमा सभासदको हैसियतले राख्नुपर्ने कुराहरु राख्नेछु । खासगरी जबसम्म महिलाहरु आफ्नो अधिकारको लागी उठ्दैनन् तबसम्म उनीहरु अधिकारबाट बन्चित नै हुन्छन् । यसकारण पुर्नःनिर्माणमा पनि महिला सहभागीहरुको आवश्यक रहेको हुनाले आफ्नो गाउँ क्षेत्रहरुमा सरकारी निकायहरुसँग सहकार्य गर्दै सहभागी हुन आवश्यक छ ।



अतिथिः ज्ञान कुमारी छन्त्यालः सभासद, संविधान सभा

**अतिथिः ज्ञानराज सुवेदीः उपसचिवः नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय**

पुर्नःनिर्माण आदिवासी जनजाति महिलाहरुको सहभागीता र भूमिका बारेमा भएको प्रस्तुतीकरण र अतिथिहरुको दिएको सल्लाह सुझाव अनुसार आदिवासी जनजातिहरुको जनसंख्या तथा उनीहरुको बर्तमान अवस्था बारे बुझ्ने अवसर भएको भन्ने अवगत गराए । महाभूकम्पले यतिका धेरै विनास गरेको अवस्थामा आदिवासी जनजातिहरु नै पिडित भएको हुनाले आदिवासी जनजाति युवाहरुको भूमिका निश्चय नै बढी हुने बताए । यसकारण पुर्नःनिर्माण हुने कार्यहरुको बारेमा युवा तथा खेलकुद मन्त्रालयले जे जस्तो क्रियाकलापहरु तयार गर्छन त्यस्ता क्रियाकलापहरुमा आदिवासीजनजातिहरुको सहभागीता गरिने प्रतिवद्धता उपसचिवले प्रतिवद्धता जाहेर गर्नुभयो । यसको साथै युवा मन्त्रालयले हरेक क्रियाकलापहरु गर्दा युवाहरुको सहकार्य मार्फत युवा गैरसरकारी संस्थाहरु र राजनीतिक दलका युवा संघहरुसँग सहकार्य गरेर कार्यक्रमहरु गर्दै बताए । यसकारण अबको पुर्नःनिर्माणमा आदिवासी जनजाति महिला तथा युवाहरुको सहभागीता नितान्त आवश्यक भएको हुनाले उनीहरुको सहभागीतामा स्थानिय लक्षित समुदायहरुमा त्यहाँको


अतिथिः उपसचिवः ज्ञानराज सुवेदी

वास्तविक समस्या, पिडित संख्या तथा उनीहरुको भावना समेटीने अनुसारको पुर्न:निर्माण हुन आवश्यक छ । यसको लागी महिला युवाहरुको सहभागीता आवश्यक छ ।

**अतिथि: डोजाङ शेर्पा: अध्यक्ष, नेपाल आदिवासी जनजाति विद्यार्थी महासंघ:**
नेपालको बर्तमान अवस्था ज्याँदै नै संकटकालीन अवस्था रहेको छ । एकातिर संविधान निर्माण अवस्था छ । जहाँ राजनीतिक दलहरुले सबै समुदाय, वर्ग, सिमान्तकृत समुदायहरुको अधिकारहरु समेट्न नसकिरहेको अवस्था छ भने अर्कोतिर प्राकृतिक प्रकोप महाभूकम्पले सर्वनास गरेको अवस्था छ । यस्तो अवस्थामा राज्यले जे जति उदार कार्यमा सहकार्य गर्नुपर्ने हो त्यो सकिरहेको अवस्था छैन । पिडित परिवारहरुको अवस्था ज्याँदै नै नाजुक छ । हालसम्म नेपाल आदिवासी जनजाति विद्यार्थी महासंघले आफ्नो पहलमा ७ भन्दा बढी जिल्लाहरुमा राहत वितरण तथा अस्थायि तहरा, घर निर्माणमा स्वयंम सेवकको रुपमा काम गर्दै आइरहेको छ । तर ती ठाउँहरुमा राज्यको उपस्थिति देखिएन । विद्यार्थी महासंघको आफ्नो आर्थिक आय नभएको कारण केही सहयोगी संस्थाहरुको सहकार्यमा कामहरु सम्पन्न गर्‍यौं तर त्यो पर्याप्त छैन । यसकारण राज्यले यदी विद्यार्थीहरु मार्फत सहकार्य गर्न चाहन्छ भने राज्यलाई चाहिए जति विद्यार्थी स्वयंसेवकहरु तयार छन् । उनीहरु स्थानिय तहमा काम गर्न तयार छन् । यो बारेमा मन्त्रिज्यूले ध्याकर्ष गर्नु पर्दछ । साथै अबको समय भनेको पुर्नस्थापना कार्य हो । यसमा विद्यार्थी, महिला, युवाहरुको सहकार्य हुन जरुरी छ । यसमा पनि आदिवासी जनजातिहरु नै बढी मात्रामा पिडित रहेको हुनाले आदिवासी जनजाति महिलाहरुले आफ्नो स्थानमा पुर्न:निर्माणमा भूमिका खेल्न आवश्यक छ । यसको लागी अन्य संस्थाहरु तथा सरकारसँग सहकार्य गरेर आफ्नो क्षेत्रमा स्थायी टहरा, मनोवैज्ञानिक छलफल आदि जस्ता कार्यक्रमहरु ग्र्न सक्छन् । यसको लागी आदिवासी विद्यार्थीहरु पनि सहकार्य गर्न तयार छन् ।

**अतिथि: दिपा आले: अध्यक्ष, नेपाल मगर विद्यार्थी संघ**
महाभूकम्पको मार तथा प्रत्यक्ष असर आदिवासी जनजातिहरुलाई नै परेको छ । यसको साथै विद्यार्थी तथा युवाहरु मिलेर लक्षित समुदायहरुमा स्वयंसेवकको रुपमा काम गर्दै आएको छ । तर स्रोतको अभावमा उनीहरुलाई पुर्न:निर्माण गर्न नसकिएको अवस्था छैन । हरेक समुदायहरु वर्षाको कारण ओट लाग्ने व्यवस्था पनि छैन । उनीहरुले प्राप्त गरेको पालको खास कुनै भर छैन । साथै जमिन नै भासिएको वा पैरो जाने अवस्था भएको स्थानहरुमा उनीहरुलाई कहाँ, कस्तो स्थानमा पुर्नबास गराउने सरकारले कुनै योजना तयार गर्न सकेको छैन । यसकारण राज्यले यो कुरामा मध्येनजर गर्दै पुर्नस्थापनाको प्यकोज लानु आवश्यक छ । साथै पिडित परिवारहरुले पाउने राहतहरु पाइरहेको अवस्था छैन । जो राजनीतिक दलहरुको आडमा केही व्यक्तिहरुले प्रशस्त मात्रामा स्रोतहरु प्राप्त गरेका छन् । तर जो जसको राजनीतिक पहुँच छैनन्, उनीहरुले प्राप्त गर्न सकेको अवस्था छैन । यसकारण लक्षित समुदायहरुमा पुर्न:स्थापना गर्दा सोही समुदायहरुको विद्यार्थीहरुसँग पनि सहकार्य गर्न आवश्यक छ । किनकी बाहिरी समुदायहरु भन्दा सोही समुदायका सदस्यहरु पुर्न:निर्माण गर्न आतुर छन् । यसको लागी सरकारले चाँडो पहल गरोस ।

**कार्यक्रमबाट अपेक्षित उपलब्धि**

| **कार्यक्रम विवरण** | **सुचक** | **मापनका आधारहरु** |
|---|---|---|
| पुनर निर्माणमा युवाहरुको सहभागीता विषयमा प्रस्तुतीकरण तथा अन्तरक्रियात्मक छलफलले आदिवासी जनजाति महिलाहरुमा उत्साह प्रदान भएको छ । साथै सरकारी निकायहरु, गैरसरकारी निकायहरु र अन्य सरोकार वाला संस्थाहरुसँग सहकार्य गरी पुर्न:निर्माणमा लग्नु पर्ने हौसला मिलेको छ । | युवा, युवा महिला सहभागीहरु, जसमा विभिन्न सामाजिक संस्थाका आदिवासी जनजाति युवा महिलाहरु ९० जानको सहभागीता रहेको थियो । जसमा नेपाल सरकारको मन्त्रि, कर्मचारी, संविधान सभा सभासद, राजनीतिक दलका प्रतिनीधिहरु, युवा, विद्यार्थीहरु रहेका थिए । | कार्यक्रम सम्पन्न भएको ब्यानर, प्रतिवेदन, फोटो,सहभागीता हाजीरी आदि रहेका छन् । |

**कार्यक्रम अध्यक्षः रिसा श्रेष्ठः अध्यक्ष, आदिवासी जनजाति महिला युवा संजाल**



कार्यक्रम समापन गर्दै सभा अध्यक्ष रिसा श्रेष्ठ

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा युवा तथा खेलकुद मन्त्रालय र रेष्टलेसको आर्थिक सहकार्यमा सम्पन्न गरिएको कार्यक्रममा विभिन्न संस्थागत प्रतिनीधिहरु, मन्त्रि, मन्त्रालयका कर्मचारी तथा अन्य पत्रकारहरुको सहकार्यमा पुर्नःनिर्माणमा आदिवासी जनजाति महिलाहरुको भूमिका तथा दायित्वको बारेमा अभिमुखीकरण बारेमा दिशा निर्देशको लागी आवश्यक सल्लाह तथा सुझावहरु निर्देशनको रुपमा तथा सहकार्यको रुपमा सुझावहरु आएका छन् । यसलाई शिरोधार्य गर्दै आगामी दिनहरुमा सरकारी निकायहरु त्था सरोकारवाला संस्थाहरुसँग सहकार्य गर्दै पुर्ननिर्माण आदिवासी जनजाति महिलाहरुको प्रत्यक्ष भूमिका र संलग्नता रहने प्रतिवद्धता गर्दै कार्यक्रम सम्पन्न गरिएको थियो । यसको लागी थप आवश्यक सल्लाहरु लिदै सम्बन्धित निकायहरुसँग सहकार्य गर्दे अगाडी बढ्ने प्रतिवद्धता रहेको जनाउनु भएको छ ।

**अबको कार्ययोजना तथा सुझावहरु**

- नेपाल सरकारद्धारा निर्माण गरिएको प्राधिकरणसँग सहकार्य गर्दै पुर्नःनिर्माणमा सहकार्य गर्ने ।
- भौतीक पूर्वाधार तथा यातायात मन्त्रालयले गर्ने पुर्नःनिर्माण कार्यहरुमा आदिवासी जनजाति महिला युवाहरुलाई सहभागीता गर्दै सहकार्य गर्ने ।
- युवा तथा खेलकुद मन्त्रालयले गर्ने पुर्ननिर्माणको कार्यहरुमा आदिवासी जनजाति युवाहरुलाई पनि सहभागीता गराउने ।
- पिडित समुदायहरु आदिवासी जनजातिहरु भएको हुनाले उनीहरुको प्रत्यक्ष सहभागीता गराउनु पर्ने ।
- सामाजिक साँस्कृतिक रुपमा तथा भौगोलिक रुपमा आदिवासी जनजातिहरुको पहिचान समेटिएको हुनाले उनीहरु पहिचान नामेट हुने किसिमले पुर्नःनिर्माण गर्न नहुने ।
- सबैपक्षको वास्तविक पिडितहरुको संख्या, अपाङ्गहरुको संख्या निकाल्नु पर्ने ।
- साथै पिडित आदिवासी जनजाति महिलाहरुको पिडित संख्या, उनीहरुको बर्तमान पिडित अवस्था बारेमा तथ्य रुपमा तथ्यांकहरु संकलन गर्नुपर्ने ।
- वास्तविक पिडितहरुको अवस्थाको चित्रण वास्तविक रुपमा गर्न डकुमेन्ट्री तयार गर्नुपर्ने ।
- सरकारी निकायहरु, सामाजिक संस्थाहरु, स्थानिय समुदायहरु र सरोकारवाला संस्थाहरुबीच सहकार्य गरेर पुर्नःनिर्माणमा एकजुट भइ स्थानिय पिडित समुदायहरुको उद्धार तथा निर्माण गर्नुपर्ने ।
- घर नभएकारहरुको लागी अस्थायी तहरा, साथै गाउँ नै विस्थापित भएकोहरुको लागी आवश्यक नयाँस्थानमा बसोबास गर्न आवश्यक पहल सरकारी निकायहरुसँग गर्नुपर्ने ।
- मनोवैज्ञानि परामर्श दिनु पर्ने ।
- सरकारी निकायहरुमा उनीहरुलाई संलग्नता गराउने तथा नीतिगत तहमा कार्ययोजना तयार गर्ने ।

## कार्यक्रमको फोटोहरु



कार्यक्रममा सहभागीहरु






कार्यक्रम समापन पश्चात कार्यक्रममा सहभागीहरु

